# नेपाल नागरिक उड्डयन प्राधिकरण

## नागरिक उड्डयन प्रशिक्षण प्रतिष्ठान
## सानोठिमी, भक्तपुरको
## प्रशिक्षार्थी छनौटको लिखित परीक्षाको परीक्षा कार्यक्रम तथा परीक्षा केन्द्र निर्धारण सम्बन्धी सूचना

**प्रकाशित मिति : २०८०/०३/२९**

श्री लोक सेवा आयोगबाट नागरिक उड्डयन प्रशिक्षण प्रतिष्ठानको पूर्व प्रकाशित विज्ञापन अनुसार Basic Air Traffic Service Course (ATS-007) र Basic Aerodrome Rescue and Fire Fighting Course (ARFF-014) को प्रशिक्षार्थी छनौटका लागि **खुला तथा समावेशीतर्फको लिखित परीक्षा कार्यक्रम** देहाय बमोजिम हुने गरी निर्धारण गरिएको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.सं. | विज्ञापन नं. | किसिम | पद, सेवा, समूह/उपसमूह/ तह | लिखित परीक्षा मिति र समय | | | उम्मेदवार संख्या | परीक्षा केन्द्र | रोल नं. | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | प्रथम पत्र | द्वितीय पत्र | तृतीय पत्र | | | देखि | सम्म |
| १ | १-५/०७९/८० | खुला तथा समावेशी | Basic Air Traffic Service Course (ATS-007) | २०८० साउन ३२ गते दिनको २:०० बजे (४५ मिनेट) | २०८० साउन ३२ गते दिनको ३:०० बजे (३० मिनेट) | २०८० भाद्र १ गते दिनको २:०० बजे (१ घण्टा ३० मिनेट) | ३०० | श्री लोक सेवा आयोग, अनामनगर । | १ | ३०० |
| २ | ६-१०/०७९/८० | खुला तथा समावेशी | Basic Aerodrome Rescue and Fire Fighting Course (ARFF-014) | - | २०८० भाद्र ३ गते दिनको २:०० बजे (३० मिनेट) | २०८० भाद्र ३ गते दिनको ३:०० बजे (१ घण्टा ३० मिनेट) | १३५ | | ६ | ५८४ |

**द्रष्टव्यः**

१. उम्मेदवारले उत्तरपुस्तिकामा **कालो मसी भएको डटपेन/कलम** मात्र प्रयोग गर्नुपर्नेछ ।
२. प्रवेश पत्र विना कुनै पनि उम्मेदवारलाई परीक्षामा सम्मिलित नगराइने हुँदा **प्रवेशपत्र अनिवार्य रुपमा साथमा लिई परीक्षा संचालन हुनुभन्दा कम्तीमा १ घण्टा अगावै** परीक्षा भवनमा आइपुग्नुपर्नेछ ।
३. परीक्षा भवनमा **झोला, मोबाइल फोन तथा अन्य इलोक्ट्रोनिक्स डिभाइसहरु लैजान निषेध** गरिएको छ ।
४. परीक्षा संचालन हुने दिन अप्रत्याशित विदा पर्न गएमा पनि **प्रतिष्ठानको पूर्व सूचना विना निर्धारित परीक्षा कार्यक्रम** स्थगित हुने छैन ।
५. वस्तुगत बहुउत्तर (Multiple Choice) प्रश्नको उत्तर लेख्दा अंग्रेजी ठुलो अक्षर (Capital Letter)मा **A, B, C, D** लेखिएको उत्तरलाई मात्र मान्यता दिइने छ ।
६. परीक्षामा सम्बन्धित निकायबाट जारी भएको प्रवेश पत्र संगै आफ्नो नागरिकता वा नेपाल सरकारबाट जारी भएको फोटो समेतको कुनै **परिचयपत्र अनिवार्य** रुपमा लिई आउनु पर्नेछ ।
७. आयोगबाट जारी भएको संक्रमणको विशेष अवस्थामा परीक्षा (सञ्चालन तथा व्यवस्थापन) सम्बन्धी मापदण्ड, २०७७ (तेस्रो संशोधन) को पालना गरी परीक्षा सञ्चालन गरिनेछ ।
८. कोभिड - १९ संक्रमित उम्मेदवारहरुको लागि विशेष परीक्षा केन्द्रको व्यवस्था गरिने भएकोले त्यस्ता उम्मेदवारहरुले आफू संक्रमित भएको जानकारी श्री नेपाल नागरिक उड्डयन प्रशिक्षण प्रतिष्ठानमा अग्रिम रुपमा गराउनु पर्नेछ ।

**कोभिड - १९ संक्रमणको समयमा सुरक्षित रहन परीक्षार्थीले ध्यान दिनुपर्ने थप विषयहरु**

१. परीक्षा केन्द्रमा प्रवेश गर्नुअघि उम्मेदवारले **अनिवार्य रुपमा** मास्क लगाई आफ्नो प्रयोजनको लागि **स्यानिटाइजर र खानेपानी** समेत लिई आउनु पर्नेछ।
२. परीक्षार्थी परीक्षाको लागि तोकिएको समय भन्दा **१ घण्टा अगावै** परीक्षा केन्द्रमा आइपुग्नु पर्नेछ।
३. परीक्षार्थीहरु परीक्षा केन्द्रमा प्रवेश गर्दा, बाहिर निस्कँदा र शौचालय प्रयोग गर्नु पर्दा भिडभाड नगरिकन **२ (दुई) मिटरको दूरी कायम** गरी क्रमैसँग तोकिएको स्थानमा जानुपर्नेछ।
४. परीक्षार्थीहरु समूहमा भेला हुने, कुराकानी गर्ने गर्नु हुँदैन।
५. परीक्षामा खटिएका जनशक्तिले दिएको निर्देशनको पूर्ण पालना गर्नु पर्नेछ।